# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com

वर्ष : २५ | अंक : ३१९ | सोमवार, १५ भदौ, २०८३ | Monday, 31 Aug 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०



काँक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा


## बाढीपीडितलाई स्वास्थ्य सामग्री र सोलार लाइट सहयोग

काँक्रेविहार संवाददाता
सुर्खेत, १४ भदौ

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकका लागि कर्णाली प्रदेशबाट स्वास्थ्य सामग्री तथा सोलार लाइट सहयोग गरिएको छ । रसायन तथा केमिकल संघ कर्णाली प्रदेशले करिब चार लाख रुपैयाँ बराबरका स्वास्थ्य सामग्री र सोलार लाइट चितवनस्थित राहत संकलन केन्द्रमा हस्तान्तरण गरेको हो । संघले जिल्ला प्रशासन कार्यालयमार्फत राहत सामग्री हस्तान्तरण गरेको जनाएको छ । बाढीका कारण ठूलो जनधनको क्षति भएका क्षेत्रमा तत्काल स्वास्थ्य उपचारका लागि आवश्यक सामग्री तथा विद्युत् अभाव भएका प्रभावित बस्तीमा प्रयोग गर्न सोलार लाइट उपलब्ध गराएको संघले जनाएको छ । विपद्का कारण प्रभावित नागरिकको दैनिक जीवनयापनमा केही सहजता ल्याउने उद्देश्यले सहयोग गरिएको संघको भनाइ छ । कर्णाली प्रदेशबाट भोटेकोशी-त्रिशूली क्षेत्रका बाढीपीडितका लागि राहत सामग्री संकलन तथा सहयोग अभियानमा सहभागी हुँदै संघले पहिलोपटक यस्तो मानवीय सहयोग गरेको हो । राहत सामग्री हस्तान्तरण कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिसहित रसायन तथा केमिकल संघका महासचिव श्यामकुमार बिष्ट र कार्यसमिति सदस्य तथा सामाजिक अभियन्ता महेन्द्रकुमार थापा सहभागी थिए । संघका प्रतिनिधिहरूले विपद्को समयमा पीडित नागरिकको जीवनरक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै आगामी दिनमा पनि मानवीय सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

### कर्णालीका १९७ जनाको अवस्था अज्ञात :

# सम्पर्कविहीन परिवारमा बढ्दो बेचैनी

काँक्रेविहार संवाददाता
सुर्खेत, १४ भदौ

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीपछि कर्णाली प्रदेशका २६७ जना नागरिक सम्पर्कविहीन भएको विवरण सार्वजनिक भएको छ । तीमध्ये ७० जना आफन्त तथा सम्बन्धित निकायको सम्पर्कमा आए पनि १९७ जनाको अवस्था अझै अज्ञात रहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक सन्तोषसिंह राठौरका अनुसार सम्पर्कविहीन हुनेमा १६३ पुरुष, २७ महिला, चार बालक र तीन बालिका छन्। बाढीपछि रसुवा, नुवाकोट र त्रिशूली क्षेत्रमा रोजगारीका सिलसिलामा पुगेका कर्णालीवासीसँग सम्पर्क हुन नसकेको भन्दै आफन्तले प्रहरी तथा प्रशासनमा जानकारी गराएका थिए ।



उपलब्ध विवरणले बाढीको प्रभाव भौगोलिक रूपमा रसुवामा सीमित देखिए पनि त्यसको मानवीय असर कर्णालीका विभिन्न जिल्लासम्म फैलिएको देखाउँछ । रोजगारीका लागि घरबाट टाढा पुगेका नागरिक अचानक सम्पर्कविहीन भएपछि उनीहरूका परिवारमा चिन्ता र अनिश्चितता बढेको छ ।

सम्पर्कविहीनको सूचीमा जुम्लाका सबैभन्दा धेरै छन् । जुम्लाका ११० जना सम्पर्कविहीन भएको जानकारी आफन्तले प्रहरी तथा प्रशासनमा गराएका थिए । तीमध्ये २७ पुरुष र एक महिला गरी २८ जना सम्पर्कमा आएका छन्। तर ८२ पुरुष अझै सम्पर्कविहीन छन् । जुम्लाबाट रोजगारीका लागि ठूलो संख्यामा नागरिक रसुवा र आसपासका क्षेत्रमा पुगेको देखिएकाले जिल्लाका परिवारमा बाढीपछि थप त्रास फैलिएको छ । सम्पर्कमा नआएका व्यक्तिहरू कहाँ छन् भन्नेबारे यकिन जानकारी नहुँदा आफन्तहरू प्रहरीको पछिल्लो विवरणको प्रतीक्षामा छन् ।

सल्यानका ५९ जना सम्पर्कविहीन भएको विवरण प्राप्त भएकोमा चार पुरुष सम्पर्कमा आएका छन् । ५५ जना अझै सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ । त्यस्तै, सुर्खेतका १७ जनामध्ये तीन जना सम्पर्कमा आएका छन् भने १४ जनाको अवस्था अज्ञात छ । दैलेखका सात जनामध्ये दुई जना सम्पर्कमा आए पनि पाँच जना अझै सम्पर्कविहीन छन् ।

जाजरकोटबाट सम्पर्कविहीन भएका तीनै जनाको अवस्था पनि अज्ञात रहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । रुकुम पश्चिमका १९ जनामध्ये १० जना सम्पर्कमा आएका छन् । बाँकी चार पुरुष, चार महिला र दुई बालिका गरी १० जना सम्पर्कविहीन छन् ।

हुम्लाबाट सम्पर्कविहीन भएका १४ जनामध्ये सात जना अझै सम्पर्कमा नआएको प्रहरीले जनाएको छ । मुगुमा ११ जना, डोल्पाका दुई जना तथा कालिकोटका तीन पुरुष, दुई महिला र एक बालक गरी छ जना पनि सम्पर्कविहीन छन् ।

यसरी जिल्लागत विवरण हेर्दा जुम्ला, सल्यान, रुकुम पश्चिम, सुर्खेत, हुम्ला, दैलेख, मुगु, जाजरकोट, डोल्पा र कालिकोटका नागरिक बाढीपछि सम्पर्कविहीन भएको देखिन्छ । प्रहरीका अनुसार सम्पर्कविहीन भएका अधिकांश कर्णालीवासी रोजगारीका सिलसिलामा रसुवा, नुवाकोट र त्रिशूली क्षेत्र पुगेका थिए । कर्णालीबाट रोजगारीका लागि देशका विभिन्न क्षेत्रमा जाने नागरिकको संख्या ठूलो रहेकाले प्राकृतिक विपत्तिका बेला उनीहरूसँग सम्पर्क स्थापित गर्न कठिनाइ हुने गरेको छ ।

भोटेकोशीको बाढीपछि सञ्चार सम्पर्क अवरुद्ध हुनु, प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा खोजी कठिन हुनु र नागरिकहरू एक ठाउँबाट अर्को ठाउँमा विस्थापित हुनुले सम्पर्कविहीनको वास्तविक अवस्था यकिन गर्न चुनौती थपेको छ ।

अहिले प्रहरी तथा प्रशासनसमक्ष प्राप्त विवरण आफन्तले दिएको सूचनामा आधारित रहेकाले सम्पर्कविहीन भनिएका सबै व्यक्ति बाढीमै परेका हुन् वा सुरक्षित स्थानमा पुगेपछि परिवारसँग सम्पर्क गर्न नसकेका हुन् भन्ने विषयमा थप खोजी आवश्यक देखिएको छ ।

सम्पर्कविहीन व्यक्तिका परिवारका लागि प्रत्येक नयाँ प्रहरी विवरण आशा र निराशाबीचको प्रतीक्षा बनेको छ । केही नागरिक सम्पर्कमा फर्किएसँगै सुरक्षित रहेको खबरले परिवारलाई राहत मिले पनि ठूलो संख्यामा मानिसको अवस्था अझै अज्ञात रहँदा चिन्ता कायमै छ ।

प्रहरीले सम्पर्कमा आएका व्यक्तिहरूको विवरण अद्यावधिक गर्दै जाने र बाँकी व्यक्तिको अवस्थाबारे खोजी तथा समन्वय भइरहेको जनाएको छ । बाढी प्रभावित क्षेत्रमा उद्धार तथा खोजी कार्य अघि बढेसँगै सम्पर्कविहीनको संख्या र उनीहरूको वास्तविक अवस्थाबारे थप स्पष्टता आउने अपेक्षा गरिएको छ ।

हालसम्मको प्रहरी विवरणअनुसार कर्णालीका २६७ जना सम्पर्कविहीन भएको प्रारम्भिक जानकारीमध्ये ७० जना सम्पर्कमा आएका छन्, भने १९७ जनाको अवस्था अज्ञात छ । तीमध्ये सबैभन्दा ठूलो संख्या जुम्लाका नागरिकको छ, जहाँ मात्रै ८२ जना अझै सम्पर्कविहीन छन् ।

कुमाख र त्रिवेणी गाउँपालिकाको सहयोग

रसुवा तथा आसपासका क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाको काम भइरहेको छ । यसैबिच सल्यानका कुमाख र त्रिवेणी गाउँपालिकाले पीडितका लागि आर्थिक सहयोग गर्ने निर्णय गरेका छन् ।

कुमाख गाउँपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई लाख ५० हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको हो । गाउँ कार्यपालिकाको बैठकले बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा बाँकी पृष्ठ ४


- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं ।

*प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


# पहिरोले सडक र खानेपानी अवरुद्ध

काँक्रेविहार संवाददाता
जाजरकोट, १४ भदौ

लगातारको वर्षाले जाजरकोटको भेरी नगरपालिका-२ रिसाडका बासिन्दाको समस्या फेरि बल्झिएको छ । शनिबार रातिदेखि परेको अविरल वर्षापछि सडक माथिबाट खसेको ठूलो पहिरोले लुम्बिनी-रारा राजमार्ग पूर्ण रूपमा अवरुद्ध बनाएको छ । भने खानेपानीका पाइप बगाउँदा बस्तीमा पीउने पानीको समस्या बल्झिएको छ ।



स्थानीय सेर बहादुर वलीका अनुसार सडक अवरुद्ध भएपछि दैनिक कामका लागि सदरमुकाम आउनेजाने स्थानीय जोखिम मोलेर हिँड्न बाध्य छन् । पहिरो खसेको क्षेत्र जोखिमपूर्ण भएकाले पैदल आवतजावतसमेत सहज नभएको उनले बताए । वर्षा नरोकिए थप पहिरो खस्न सक्ने त्रासले स्थानीयलाई झनै चिन्तित बनाएको उनको भनाइ छ ।

बिरामीलाई स्वास्थ्य संस्था लैजानदेखि दैनिक उपभोग्य सामग्री ओसारपसार गर्नेसम्मका काम प्रभावित हुने अवस्था बनेको स्थानीय बताउँछन् । पहिरोले सडक संरचनामा क्षति पुऱ्याउनुका साथै स्थानीय खानेपानी आपूर्तिमा समेत असर पारेको हो । खानेपानीका संरचना तथा पाइपलाइनमा क्षति पुगेपछि स्थानीयलाई दैनिक आवश्यक पानी जुटाउन कठिनाइ हुन थालेको छ ।

एकातिर सडक बन्द हुँदा बाह्य क्षेत्रबाट आवश्यक सामग्री ल्याउन समस्या छ, भने अर्कोतिर खानेपानीमा समेत अवरोध आएपछि रिसाडवासीले वर्षायाममै आधारभूत सेवाको संकट झेल्नुपरेको छ । स्थानीयका अनुसार वर्षा र पहिरोको समस्या नयाँ नभए पनि पटक-पटक दोहोरिने घटनाले दीर्घकालीन समाधानको आवश्यकता देखिएको छ ।

रिसाड आसपासको सडकखण्डमा यसअघि पनि पहिरोको समस्या देखिँदै आएको छ । गत साउन ३० गते पनि सोही क्षेत्र आसपासमा ठूलो पहिरो गएको थियो । त्यसपछि फेरि पहिरो खस्दा समस्या निम्तिएको हो ।

लगातारको वर्षासँगै एउटै क्षेत्रमा पटक-पटक पहिरो खस्नुले यो सडकखण्ड वर्षायाममा बाँकी पृष्ठ ४

## सम्पादकीय

# पुनर्निर्माण शिलान्यासले पलाएको आशा

२०८० कात्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भएर गएको विनाशकारी भूकम्पले हजारौँ परिवारको घर मात्र भत्काएन, उनीहरूको जीवनको आधार र भविष्यप्रतिको भरोसासमेत हल्लाइदियो । भूकम्प गएको ३४ महिनापछि भेरी नगरपालिका–१ रावत गाउँकी ७० वर्षीया कौशिला विकको घर पुनर्निर्माणका लागि शिलान्यास हुनु त्यसै पीडामाथि ढिलो भए पनि मल्हम लगाउने प्रयास हो । टिनको अस्थायी टहरोमा लामो समय बिताएकी कौशिलाको परिवारमा पलाएको खुसीले पुनर्निर्माणको महत्व मात्र होइन, राज्यको ढिलाइले पीडित नागरिकले भोग्नुपरेको कष्ट पनि उजागर गरेको छ । कौशिलाका लागि यो घर चार भित्ता र एउटा छानो मात्रै होइन, सुरक्षित जीवनमा फर्किने आधार हो । भूकम्पमा नातिसमेत गुमाएकी उनले आफ्नै खर्चमा घर निर्माण गर्न सक्ने अवस्था थिएन । त्यसैले पुनर्निर्माणको आशामा महिनौँ होइन, वर्षौं कुर्नुपर्‍यो। 'कुरा मात्रै भयो, काम भएन' भन्ने उनको गुनासो राज्यको पुनर्निर्माण प्रक्रियाप्रतिको आम पीडितको निराशाको प्रतिनिधि अभिव्यक्ति हो ।

जाजरकोट र रुकुम पश्चिममा एक सय ५४ जनाको ज्यान गएको उक्त भूकम्पले हजारौं घरमा क्षति पुर्‍यायो । रावत गाउँमा मात्रै ३४ जनाले ज्यान गुमाए । यति ठूलो मानवीय क्षति बेहोरेका नागरिकलाई सुरक्षित आवासमा फर्काउन राज्यले असाधारण तत्परता देखाउनुपर्ने थियो । तर लाभग्राही पहिचान, प्रमाणीकरण, कार्यविधि र प्रशासनिक प्रक्रियाका जटिलताले पुनर्निर्माण लामो समय अल्झियो । विपद्को पीडा सहिरहेका नागरिकका लागि यस्ता प्रक्रियागत ढिलाइ आफैँमा अर्को पीडा बन्न पुग्यो । रावत गाउँबाट स्थायी आवास निर्माणको औपचारिक सुरुवात हुनु सकारात्मक कदम हो । अझ आफ्नै स्रोतबाट घर बनाउन नसक्ने एकल महिला, सहाराविहीन अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि 'शून्य लागत'मा घर निर्माण गर्ने अभियान थालिनु राज्यको सामाजिक दायित्वबोधको संकेत हो ।

जाजरकोट, रुकुम पश्चिम र सल्यानका करिब २ हजार ६ सय असहाय तथा अति प्रभावित नागरिकलाई यस कार्यक्रमबाट लाभ पुर्‍याउने लक्ष्यलाई व्यवहारमा उतार्न भने सरकारको निरन्तर प्रतिबद्धता आवश्यक छ । जाजरकोटमा ४१ हजार सात सय लाभग्राही पहिचान भए पनि विस्तृत क्षति मूल्यांकनपछि करिब २९ हजार घरधुरी प्रभावित भएको तथ्यले पुनर्निर्माणको चुनौतीको आकार देखाउँछ । करिब १५ हजार घर पुनर्निर्माण र १३ हजार घर प्रवलीकरण गर्नुपर्ने अवस्था छ । त्यसैले कौशिलाको घरको शिलान्यास एउटा परिवारका लागि खुसीको क्षण भए पनि समग्रमा यो राज्यका लागि परीक्षा हो । ढिलै भए पनि सुरु भएको काम अब रोकिनु हुँदैन । भूकम्पपीडितले फेरि अर्को वर्षा, अर्को जाडो र अर्को प्रतीक्षा अस्थायी टहरोमै बिताउन नपरोस् । सुरक्षित आवास पाउनु उनीहरूको कृपा होइन, अधिकार हो । त्यसैले अब सरकारको मुख्य जिम्मेवारी शिलान्यासलाई समयमै घरमा परिणत गर्ने र भूकम्पपीडितको टहरोवासलाई इतिहास बनाउने हुनुपर्छ ।

# रसुवा बाढीपछि कालीकोटका ६ नागरिक सम्पर्कविहीन, खोजी तथा उद्धारका लागि समन्वय तीव्र

**कांक्रेविहार संवाददाता**
कालीकोट, १४ भदौ

रसुवा लगायतका जिल्लामा २०८३ भदौ १० गते बिहान आएको विनाशकारी बाढीका कारण कालीकोट जिल्लाका ६ जना नागरिक सम्पर्कविहीन भएका छन् । रोजगारी तथा व्यवसायका सिलसिलामा रसुवामा रहेका उनीहरू बाढीपश्चात् परिवार तथा स्थानीय प्रशासनको सम्पर्कमा नआएपछि जिल्ला प्रशासन कार्यालय कालीकोटले उनीहरूको नामावलीसहित विवरण सार्वजनिक गरेको हो ।

जिल्ला प्रशासन कार्यालय कालीकोटले जारी गरेको सूचनाअनुसार सम्पर्कविहीन हुनेहरूमा पलाँता गाउँपालिका वडा नं । २ का २२ वर्षीय लक्ष्मण परियार रहेका छन् । उनी रसुवाको गोसाइँकुण्ड गाउँपालिका वडा नं । ३ मा जागिरको सिलसिलामा रहेका थिए ।

त्यस्तै, नरहरिनाथ गाउँपालिका वडा नं । १ स्थायी घर भएका २८ वर्षीय अनिपाल विष्ट र २४ वर्षीय धीरेन्द्र विष्ट पनि सम्पर्कविहीन छन् । उनीहरू रसुवाको माथिल्लो त्रिशूली–३ जलविद्युत् आयोजनामा सवइन्जिनियरका रूपमा कार्यरत रहेको जनाइएको छ । बाढीपछि सम्पर्कविहीन हुनेमध्ये खाँडाचक्र नगरपालिका वडा नं । ५ का एकै परिवारका तीन सदस्य पनि रहेका छन् ।

# नेपाल, विपद् व्यवस्थापन र अबको बाटो



उपेन्द्र विश्वकर्मा

नेपालमा विपद् नयाँ विषय होइन । भूकम्प, बाढी, पहिरो, डुबान, चट्याङ, हिमपहिरो र खडेरी हाम्रा लागि नौला घटना होइनन् । नौलो कुरा के हो भने विपद्को प्रकृति बदलिँदै गएको छ र त्यसअनुसार राज्यको तयारी बदलिन सकेको छैन । हरेक वर्ष विपद् आउँछ, जनधनको क्षति हुन्छ, सरकार उद्धार र राहतमा सक्रिय हुन्छ, केही समयपछि घटना बिर्सिइन्छ । अर्को वर्ष फेरि त्यही चक्र दोहोरिन्छ । यसरी हेर्दा नेपालको विपद् व्यवस्थापनमा सबैभन्दा ठूलो समस्या प्राकृतिक जोखिम मात्र होइन, जोखिमलाई बुझ्ने र त्यसअनुसार राज्य सञ्चालन गर्ने हाम्रो शैली पनि हो ।

जलवायु परिवर्तनले यो चुनौतीलाई अझ गम्भीर बनाएको छ । तापक्रम बढ्दै गएको छ, वर्षाको ढाँचा परिवर्तन भइरहेको छ र छोटो समयमा अत्यधिक वर्षा हुने घटना बढिरहेका छन् । हिमाली क्षेत्रमा हिमनदी र हिमतालमा देखिएका परिवर्तनले नयाँ जोखिम जन्माइरहेका छन् । यसको अर्थ अब हिजोको अनुभवका आधारमा भोलिको विपद् अनुमान गरेर बस्ने अवस्था छैन । प्रकृतिको व्यवहार बदलिँदै छ भने राज्यको तयारी पनि बदलिनुपर्छ ।

रसुवाको भोटेकोशी क्षेत्रमा आएको आकस्मिक बाढीले यही यथार्थलाई फेरि सतहमा ल्याइदिएको छ । तिब्बततर्फबाट आएको बाढीले टिमुरे, स्याफ्रुबेंसी र रसुवागढी क्षेत्रलाई प्रभावित बनायो । सडक, पुल, सुरक्षा संरचना, भन्सार क्षेत्र र अन्य पूर्वाधारमा परेको असरले एउटा गम्भीर प्रश्न उठाएको छ–हामीले विकास त गर्‍यौं, तर त्यो विकास कति सुरक्षित बनायौं ?

यो प्रश्न भोटेकोशीमा मात्र सीमित छैन । नेपालका धेरै नदी किनारमा बस्ती विस्तार भइरहेका छन् । पहाडमा सडक खनिएका छन् । नदीको प्राकृतिक बहाव क्षेत्र साँघुरिँदै गएको छ । जोखिमयुक्त क्षेत्रमा पनि संरचना निर्माण भइरहेका छन् । वातावरणीय प्रभाव मूल्यांकन कागजमा सीमित हुने र विपद् जोखिमलाई विकासको लागतभित्र समावेश नगर्ने प्रवृत्ति अझै छ । यस्तो अवस्थामा प्राकृतिक विपद् आउँदा त्यसलाई 'दैवी प्रकोप' भनेर पन्छिन सजिलो हुन्छ । तर सबै क्षति प्रकृतिको कारण मात्र हुँदैन । केही क्षति हाम्रो नीति, योजना र लापरबाहीको परिणाम पनि हुन्छ ।

भोटेकोशीको बाढीलाई त्यसैले केवल एउटा प्राकृतिक दुर्घटनाका रूपमा हेर्नु पर्याप्त हुँदैन । यो हाम्रो विकास मोडलमाथिको प्रश्न पनि हो । सडक, पुल, जलविद्युत् आयोजना, व्यापारिक पूर्वाधार र सीमावर्ती संरचना बनाउँदा जोखिमको दीर्घकालीन मूल्यांकन कति गरिएको छ ? जलवायु परिवर्तनले आगामी दशकमा त्यस्ता संरचनामाथि पार्न सक्ने प्रभावलाई योजनामा कति समेटिएको छ ? यी प्रश्नको उत्तर खोज्नैपर्छ ।

नेपालको विपद् व्यवस्थापनमा अर्को ठूलो कमजोरी भनेको पूर्वतयारीभन्दा प्रतिक्रियालाई बढी महत्व दिनु हो । विपद् भएपछि हेलिकप्टर उड्छ, सुरक्षाकर्मी परिचालन हुन्छन्, राहत सामग्री पठाइन्छ र क्षतिको विवरण संकलन हुन्छ । यी सबै आवश्यक छन् । तर राज्यको क्षमता विपद् आएपछि देखिने उद्धारमा मात्र मापन गर्नु पर्याप्त हुँदैन । सक्षम राज्य त्यो हो, जसले विपद् आउनुअघि जोखिम पहिचान गर्छ, नागरिकलाई सचेत गराउँछ र सम्भावित क्षति घटाउँछ ।

हामीले विपद् व्यवस्थापनलाई राहत वितरणको प्रशासनिक अभ्यासबाट जोखिम न्यूनीकरणको राष्ट्रिय नीतिमा बदल्नुपर्ने समय आएको छ । एउटा बाढी आएपछि करोडौँ रुपैयाँ राहत र पुनर्निर्माणमा खर्च गर्नुभन्दा पहिले नै केही करोड रुपैयाँ पूर्वसूचना प्रणाली, सुरक्षित पूर्वाधार र जोखिम न्यूनीकरणमा लगानी गर्नु धेरै बुद्धिमानी हुन सक्छ । तर हाम्रो बजेट र राजनीतिक प्राथमिकता अझै पनि विपद्पछिको खर्चतर्फ बढी केन्द्रित देखिन्छ ।

भोटेकोशीको सन्दर्भमा पूर्वसूचना प्रणालीको महत्व अझ बढी छ । हिमाली नदीमा पानीको बहाव अचानक बढ्न सक्छ । माथिल्लो क्षेत्रमा भएको वर्षा वा अन्य प्राकृतिक घटनाको असर केही घण्टामै तल्लो क्षेत्रमा पुग्न सक्छ ।

यस्तो अवस्थामा नदीको पानीको सतह मापन गर्ने उपकरण, मौसम तथा जलविज्ञानसम्बन्धी निगरानी, स्वचालित चेतावनी प्रणाली र स्थानीय तहसम्म पुग्ने सञ्चार संयन्त्र आवश्यक हुन्छ । सूचना संकलन गरेर सरकारी कार्यालयमा थन्क्याए मात्र पूर्वसूचना प्रणाली प्रभावकारी हुँदैन । जोखिममा रहेको नागरिकले समयमै सूचना पाउनु र सुरक्षित ठाउँमा पुग्न सक्नु नै यसको वास्तविक सफलता हो ।

यसका लागि संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय पनि प्रभावकारी हुनुपर्छ । नेपालको संघीय संरचनाले विपद् व्यवस्थापनको जिम्मेवारी विभिन्न तहमा बाँडेको छ । तर जिम्मेवारी बाँडिनु र क्षमता विकास हुनु एउटै कुरा होइन । धेरै स्थानीय तहसँग जोखिम नक्सा, दक्ष जनशक्ति, उद्धार उपकरण र पर्याप्त बजेटको अभाव छ । विपद्को पहिलो सामना स्थानीय समुदायले गर्छ, तर स्रोत र क्षमता भने केन्द्रमा सीमित रहने अवस्था अझै छ । यो उल्टो संरचना सुधार्नुपर्छ ।

स्थानीय तहलाई केवल राहत वितरण गर्ने निकाय बनाउनु हुँदैन । प्रत्येक पालिकासँग आफ्नो भूगोलको जोखिम नक्सा हुनुपर्छ । बाढी, पहिरो, भूकम्प वा आगलागीको अवस्थामा कुन ठाउँ सुरक्षित हुन्छ, कुन बाटोबाट उद्धार गर्न सकिन्छ र कुन परिवार बढी जोखिममा छन् भन्ने आधारभूत विवरण स्थानीय सरकारसँग हुनुपर्छ । विद्यालय, स्वास्थ्य संस्था, प्रहरी, समुदाय र स्वयंसेवकबीच नियमित अभ्यास हुनुपर्छ । विपद् व्यवस्थापन कागजी योजना होइन, व्यवहारमा प्रयोग गर्न सकिने प्रणाली बन्नुपर्छ ।

यससँगै नेपालको विकास निर्माणको प्राथमिकतामाथि पनि पुनर्विचार आवश्यक छ । हामीले विकासलाई धेरै समय 'निर्माण'सँग मात्र जोड्यौं । सडक बन्यो भने विकास, पुल बन्यो भने विकास, भवन बन्यो भने विकास । तर संरचना सुरक्षित छ कि छैन, त्यसले वातावरणीय जोखिम बढाएको छ कि छैन र जलवायु परिवर्तनका कारण भविष्यमा त्यसको अवस्था के हुन्छ भन्ने प्रश्न कमै उठाइयो । अब विकासको परिभाषा बदलनुपर्छ । सुरक्षित र दिगो पूर्वाधारबिनाको विकास अन्ततः महँगो विपद्मा परिणत हुन सक्छ ।

विशेषगरी पहाडी सडक निर्माणमा गम्भीर समीक्षा आवश्यक छ । प्राविधिक अध्ययनबिना डोजर चलाउने, प्राकृतिक पानीका निकास बन्द गर्ने र कमजोर भूगोलमा सडक काट्ने प्रवृत्तिले वर्षायाममा पहिरो र बाढीको जोखिम बढाउँछ । विकासको नाममा प्रकृतिको भौगोलिक सन्तुलन बिगारेर फेरि त्यही विपद्का लागि राहत मागे चक्र अन्त्य गर्नुपर्छ । भोटेकोशीको अर्को महत्वपूर्ण पक्ष यसको सीमापार प्रकृति हो । नदीको माथिल्लो भूभाग नेपालबाहिर पर्छ । त्यसैले यहाँको विपद् व्यवस्थापनमा सीमापार सूचना आदानप्रदान अपरिहार्य हुन्छ । माथिल्लो क्षेत्रमा ठूलो वर्षा, हिमतालको अवस्था वा अन्य जोखिमबारे नेपालले समयमै सूचना पाउन सके तलका बस्तीलाई सुरक्षित गर्न केही महत्वपूर्ण घण्टा प्राप्त हुन सक्छन् । छिमेकी मुलुकसँगको सम्बन्धलाई केवल व्यापार, राजनीति र सुरक्षा संवादमा सीमित नराखी जलवायु तथा विपद् कूटनीतितर्फ पनि विस्तार गर्नुपर्ने आवश्यकता यहीँबाट देखिन्छ ।

जलवायु परिवर्तनको बहसमा नेपालको अर्को विडम्बना पनि छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून छ, तर जलवायु परिवर्तनको असर भोग्ने देशमध्ये नेपाल अग्रपंक्तिमा छ । हिमाली पारिस्थितिक प्रणालीमा आएको परिवर्तनदेखि तराईको बाढीसम्म यसको प्रभाव देखिन्छ । त्यसैले अन्तर्राष्ट्रिय मञ्चमा नेपालले जलवायु न्यायको प्रश्नलाई अझ बलियोसँग उठाउनुपर्छ । जलवायु परिवर्तनबाट बढी प्रभावित देशले अनुकूलन, पूर्वसूचना र उत्थानशील पूर्वाधारका लागि आवश्यक अन्तर्राष्ट्रिय वित्तीय तथा प्राविधिक सहयोग पाउनुपर्छ ।

तर अन्तर्राष्ट्रिय सहयोगको प्रतीक्षा गरेर मात्र नेपाल सुरक्षित बन्न सक्दैन । आफ्नो घरभित्रको कमजोरी पनि सुधार्नुपर्छ । जोखिमयुक्त बस्तीको व्यवस्थापन, नदी क्षेत्रको संरक्षण, वैज्ञानिक भू-उपयोग नीति, वातावरणीय कानुनको कार्यान्वयन र निर्माणमा जवाफदेहिता आवश्यक छ । राजनीतिक पहुँचका आधारमा जोखिमयुक्त क्षेत्रमा संरचना निर्माण गर्ने प्रवृत्ति रोक्नुपर्छ । विपद् व्यवस्थापनमा पनि सुशासन उत्तिकै महत्वपूर्ण छ ।

अबको चुनौती केवल प्राकृतिक विपद् व्यवस्थापन गर्ने होइन, विपद् प्रतिरोधी राज्य निर्माण गर्ने हो । यसको अर्थ सरकारसँग उद्धारका लागि हेलिकप्टर हुनु मात्र होइन । यसको अर्थ जोखिम पहिचान गर्ने वैज्ञानिक क्षमता, नागरिकलाई समयमै सूचना दिने प्रणाली, सुरक्षित पूर्वाधार, सक्षम स्थानीय सरकार, प्रशिक्षित समुदाय र जवाफदेही राजनीतिक नेतृत्व हुनु हो ।

भोटेकोशीले हामीलाई फेरि एउटा कठोर प्रश्न सोधेको छ–प्रकृतिले दिएको चेतावनीबाट हामी कहिले सिक्ने ? प्रत्येक विपद्पछि शोक व्यक्त गर्ने, राहत घोषणा गर्ने र पुनर्निर्माण गर्ने परम्परा अब पर्याप्त छैन । विपद्को कारण र जोखिमलाई पहिल्यै बुझेर नीति परिवर्तन गर्न सकिएन भने आगामी क्षति अझ ठूलो हुन सक्छ ।

त्यसैले अबको बाटो स्पष्ट छ । नेपालले 'विपद् आएपछि उद्धार गर्ने' मानसिकताबाट 'विपद् आउनुअघि जोखिम घटाउने' राज्य प्रणालीतर्फ जानुपर्छ ।

जलवायु परिवर्तनलाई वातावरण मन्त्रालयको सीमित विषय बनाएर होइन, अर्थतन्त्र, पूर्वाधार, कृषि, ऊर्जा, सुरक्षा, कूटनीति र स्थानीय शासनसँग जोडेर हेर्नुपर्छ । हरेक ठूलो विकास आयोजनाको प्रश्न हुनुपर्छ–यसले आज कति विकास गर्छ मात्र होइन, भोलिको विपद् कति सहन सक्छ ?

भोटेकोशीको बाढीलाई एउटा दुःखद घटना भनेर बिर्सने कि त्यसबाट राष्ट्रिय नीति बदल्ने– निर्णय अब हाम्रो हातमा छ । विपद् रोक्न सकिँदैन । तर विपद्लाई मानवीय त्रासदी बन्नबाट रोक्न सकिन्छ । त्यसका लागि विज्ञानमा विश्वास, राजनीतिमा जवाफदेहिता, विकासमा दूरदृष्टि र राज्यमा पूर्वतयारी चाहिन्छ । नेपालले अब राहतको राजनीति होइन, जोखिम न्यूनीकरणको राजनीति रोज्नुपर्छ । यही नै सुरक्षित नेपाल निर्माण गर्ने अबको सबैभन्दा महत्वपूर्ण बाटो हो ।

*(अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन् ।)*

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# हुम्लामा १२ नयाँ पक्की पुल निर्माण हुँदै



❒ **कांक्रेविहार संवाददाता**
हुम्ला, १४ भदौ

सडक विभागले हुम्लाका कर्णाली नदीसहित विभिन्न सहायक नदी तथा खोलामा १२ वटा नयाँ पक्की पुल निर्माण गर्ने तयारी अघि बढाएको छ।

पुल निर्माण भएपछि सडक सञ्जालबाट अझै टाढा रहेका जिल्लाका दुर्गम बस्तीहरू यातायातको पहुँचमा आउने अपेक्षा गरिएको छ।

हिल्सा-सिमकोट सडक योजनाका प्रमुख बेलबहादुर नेपालीका अनुसार पुल निर्माणका लागि आवश्यक फाइल तत्काल तयार गरी पेस गर्न सडक विभागले निर्देशन दिएको छ। सोही निर्देशनपछि पुल निर्माणको प्रक्रिया अघि बढाउन बाटो खुलेको उनले बताए।

हाल हुम्लाका कतिपय गाउँपालिकाले सडक निर्माण गरिसके पनि नदी तथा खोलामा पुल नहुँदा यातायात सञ्चालन हुन सकेको छैन।

कतिपय स्थानमा अस्थायी काठे पुलबाट आवतजावत भइरहेको छ भने केही ठाउँमा पुलको व्यवस्था नै छैन। योजनाअन्तर्गत अदानचुली गाउँपालिका छ को पाल्सगाउँ जोड्ने कालागाड पुल, सिमकोट गाउँपालिका आठको खोल्सी देखी याह्रु जोड्ने गुरगुरे पुल, नाम्खा गाउँपालिका छ स्थित लिमीको तिल्जुङखोला र लिङखोला पुल निर्माण हुनेछन्। त्यस्तै नाम्खा गाउँपालिका पाँच र छ जोड्ने बुम्बेखोला, लिमीको लाप्चाखोला तथा नाम्खा गाउँपालिका चारको याल्वाङ-पुइया जोड्ने कर्णाली नदीमाथिको पुल पनि निर्माणको सूचीमा छन्।

यसैगरी सर्केगाड गाउँपालिकाको केन्द्रमा, खार्पुनाथ गाउँपालिका एक र दुई जोड्ने कर्णाली नदीमा तथा खार्पुनाथ गाउँपालिका केन्द्रबाट वडा नं चार जोड्ने याङचुवगरमा कर्णाली नदीमाथि पुल निर्माण गरिनेछ।

हुम्ला देखी मुगु जोड्ने नेरघाटको कर्णाली नदी तथा नाम्खा गाउँपालिका तिनको खगलगाउँ जोड्ने कर्णाली नदीमाथि पनि नयाँ पक्की पुल बन्नेछन्।

सडक योजनाका प्रमुख नेपालीका अनुसार अब सबै पुलको विस्तृत परियोजना प्रतिवेदन नौ डिपिआर र लागत इस्टिमेट तयार गर्ने काम सुरु हुनेछ। फाइल तयार गरी लागत निर्धारण भएपछि निर्माणका लागि आवश्यक स्रोत सुनिश्चित गरिनेछ।

# बाढी प्रभावितका लागि तीन पालिकाले गरे साढे छ लाख सहयोग




❒ **कांक्रेविहार संवाददाता**
सल्यान, १४ भदौ

भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनर्स्थापनामा सहयोग पुऱ्याउन सल्यानका तीन स्थानीय तहले छ लाख रुपैयाँभन्दा बढी आर्थिक सहयोग गर्ने भएका छन्।

कुमाख, त्रिवेणी र बागचौर नगरपालिकाले विपत् व्यवस्थापनका लागि छुट्टाछुट्टै रकम उपलब्ध गराउने निर्णय गरेका हुन्। कुमाख गाउँपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई लाख ५० हजार रुपैयाँ जम्मा गर्ने निर्णय गरेको छ।

त्रिवेणी गाउँपालिकाले पनि बाढी प्रभावितका लागि एक लाख ५० हजार रुपैयाँ सहयोग गर्ने जनाएको छ। त्रिवेणी गाउँपालिकाले राहत सहयोगसँगै बाढीपछि सम्पर्क विहीन भएका आफ्ना ११ जना नागरिकको खोजी तथा उद्धारका लागि टोली परिचालन गर्ने निर्णय गरेको छ।

रोजगारीका क्रममा रसुवा र नुवाकोटको त्रिशूली नदी आसपास पुगेका नागरिक बाढीपछि सम्पर्कविहीन भएपछि गाउँपालिका अध्यक्ष खिमबहादुर रावतको नेतृत्वमा स्वास्थ्यकर्मी, कर्मचारी तथा आफन्त सम्मिलित टोली प्रभावित क्षेत्रमा पठाउने तयारी गरिएको हो। यस्तै, बागचौर नगरपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ।

बाढीपछि सम्पर्कविहीन भएका नगरवासी प्रमिला बुढाथोकी र आयुष खड्काको खोजी तथा उद्धारका लागि आवश्यक पहल गर्ने निर्णयसमेत गरिएको छ।

बागचौर ११ बाफुखोलामा भदौ आठ गते बाढीबाट मृत्यु तथा घाइते भएका परिवारलाई आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने र वर्षाका कारण क्षतिग्रस्त सडक मर्मत तथा पहिरो हटाउने निर्णय पनि नगरपालिकाले गरेको छ। पूर्ण रूपमा घर क्षति भएका परिवारलाई नियमानुसार राहत उपलब्ध गराइने जनाइएको छ। यसैबीच दैलेखको गुराँस गाउँपालिकाले दुई लाख र कालीकोटको महाबै गाउँपालिकाले पनि दुई लाख रुपैयाँ बाढी प्रभावितका लागि सहयोग गर्ने निर्णय गरेका छन्।

गुराँसले उक्त रकम नेपाल सरकारको दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने जनाएको छ। महाबै गाउँपालिकाले बाढीमा ज्यान गुमाएकाको सम्झनामा एक दिन शोक बिदासमेत दिने निर्णय गरेको गाउँपालिका अध्यक्ष खेमबहादुर सिंहले बताए। सम्बन्धित पालिकाहरूले विपत्का बेला प्रभावितको खोज, उद्धार, राहत र पुनर्स्थापनामा सहयोग गर्न सबै पक्षसँग आग्रह गरेका छन्। साथै वर्षा अझै हुनसक्ने भएकाले सम्भावित जोखिमबाट सुरक्षित रहन नागरिकलाई सचेत गराइएको छ।

# १९ वर्ष बित्दा पनि बनेन नाक्च्यालाङ्ना सडक



❒ **कांक्रेविहार संवाददाता**
मुगु, १४ भदौ

चीनसँगको उत्तरी सीमा नाक्च्यालाङ्ना जोड्ने महत्वपूर्ण सडक निर्माण सुरु भएको करिब दुई दशक पुग्न लाग्दा पनि अपेक्षित प्रगति हुन सकेको छैन।

निर्माण सुरु भएको १९ वर्षमा हालसम्म करिब १७ किलोमिटर मात्र सडकको ट्र्याक खोलिएको छ। मुगुको उत्तरी क्षेत्रलाई चीनसँग जोड्ने यो सडकलाई कर्णाली प्रदेशको महत्वपूर्ण व्यापारिक तथा रणनीतिक मार्गका रूपमा लिइएको छ। तर निर्माणमा भएको ढिलाइका कारण मुगुम कार्मारोङ गाउँपालिकाका स्थानीयवासीले अझै सहज यातायात सुविधा पाउन सकेका छैनन्।

नाक्च्यालाङ्ना सडक योजना आर्थिक वर्ष २०७२ र ७३ मा मुगुमा स्थापना गरिएको थियो। स्थानीयस्तरबाटै आयोजना सञ्चालन गरी निर्माणलाई गति दिने उद्देश्यले कार्यालय स्थापना गरिए पनि कार्यालय प्रमुख र प्राविधिक जनशक्ति मुगुमै नहुँदा कार्यान्वयनमा समस्या देखिएको छ।

सडक डिभिजन कार्यालय जुम्लाका सूचना अधिकारी दीपेन्द्र चौधरीका अनुसार हाल मुगुस्थित आयोजना कार्यालयमा एक जना सुब्बा, कम्प्युटर अपरेटर र कार्यालय सहयोगी मात्र कार्यरत छन्। लेखासम्बन्धी काम मुगुको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने गरेको छ भने कार्यालय प्रमुख र प्राविधिकतर्फका काम जुम्लाबाटै सञ्चालन हुँदै आएका छन्।

स्थानीयका अनुसार सामान्य निर्णय र प्राविधिक कामका लागि समेत जुम्लामा निर्भर हुनुपर्दा सडक निर्माण प्रक्रिया सुस्त बनेको छ।

स्थानीय जयबहादुर मल्लले आयोजना प्रमुखसहित आवश्यक प्राविधिक जनशक्ति मुगुमै राख्न सके निर्माणले गति लिने बताए।

सडक चीनको सीमासम्म पुगेमा व्यापार विस्तार, स्थानीय उत्पादनको बजारीकरण, पर्यटन प्रवर्धन तथा नागरिकको आवतजावत सहज हुने स्थानीयको अपेक्षा छ।

अहिले सडक अभावका कारण दैनिक उपभोग्य सामग्री र निर्माण सामग्री ढुवानीमा समेत स्थानीयले महँगो मूल्य तिर्नुपरेको छुजुङ तामाङले बताए।

स्थानीयले पर्याप्त बजेट, आवश्यक प्राविधिक जनशक्ति, नियमित अनुगमन र मुगुमै आयोजना प्रमुखको दरबन्दी कायम गरी सडक निर्माणलाई प्राथमिकताका साथ अघि बढाउन माग गरेका छन्।

# न पूर्वाधार न विकल्प, निर्णयमा हतारो अनलाइन टेन्डर प्रक्रिया ठप्प, फेरि कागजमै फर्कियो!

❒ **कांक्रेविहार संवाददाता**
काठमाडौं, १४ भदौ

सरकारले सार्वजनिक खरिदका सबै सूचना अनलाइन प्रणालीमा सीमित गर्ने निर्णय गरे पनि आवश्यक पूर्वाधार नहुँदा छोटो समयमै त्यो निष्प्रभावी बनेको छ। दैनिक पत्रिकामा टेन्डर सूचना प्रकाशन गर्ने व्यवस्था हटाएर विद्युतीय खरिद प्रणाली (इजिपी) लाई एकमात्र माध्यम बनाएको सरकार अहिले त्यही प्रणालीमा उच्च सुरक्षा जोखिम देखिएपछि फेरि हार्डकपीको सहारा लिन बाध्य भएको हो।

सार्वजनिक खरिद अनुगमन कार्यालयले ११ भदौको निर्णयअनुसार हाल सञ्चालनमा रहेको इजिपी प्रणाली अनिश्चितकालका लागि बन्द गरेको छ। मर्मतसम्भार र सुधार आवश्यक रहेको तथा प्रणालीमा उच्च सुरक्षा जोखिम देखिएकाले अर्को व्यवस्था नभएसम्म प्रणालीमार्फत हुने खरिद प्रक्रिया रोकिएको कार्यालयले जनाएको छ। विडम्बना के छ भने सरकारले सार्वजनिक खरिद ऐन संशोधन गरेर पत्रिकामा बोलपत्र सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको धेरै समय नबित्दै अनलाइन प्रणाली नै बन्द भएको हो। अब ११ भदौभित्र प्रकाशित भई प्रस्ताव पेस गर्ने म्याद बाँकी रहेका तथा नयाँ प्रकाशनको क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्र सार्वजनिक निकायहरूले भौतिक कागजपत्रमार्फत अगाडि बढाउन सक्नेछन्।

यसअघि नै इजिपी प्रणालीमा बोलपत्र वा दरभाउपत्र खोलिसकिए पनि आपूर्तिकर्ता तथा परामर्शदाताको प्रस्ताव डाउनलोड गर्न बाँकी रहेका ठेक्कामा सम्बन्धित निकायको अनुरोधमा कार्यालयले आवश्यक सहजीकरण गर्ने जनाएको छ। सरकारले भने सार्वजनिक खरिद प्रणालीलाई चुस्त, पारदर्शी र आधुनिक बनाउने तर्क गर्दै बोलपत्र सूचना अनलाइनमै मात्र राख्ने कानुनी व्यवस्था गरेको थियो। सार्वजनिक खरिद ऐन, २०६३ का दफा १४(१), ३०(२) र ४०(३) संशोधन गरी पत्रिकामा टेन्डर विज्ञापन गर्नुपर्ने व्यवस्था हटाइएको थियो। अध्यादेशमार्फत गरिएको उक्त संशोधन पछि संसद्बाट विधेयक पारित भई असार २५ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो। तर, अनलाइन प्रणालीलाई एकमात्र विकल्प बनाउने निर्णय गरेको सरकारले त्यसको सुरक्षा, विश्वसनीयता र वैकल्पिक पूर्वाधार भने तयार नै गरेको थिएन। सरकारको आफ्नै खरिद प्रणाली असुरक्षित भएपछि सम्पूर्ण प्रक्रिया नै रोकनुपरेको र अन्ततः कागजी माध्यममा फर्किनुपरेको छ।

यसअघि, पत्रिकामा टेन्डर विज्ञापन प्रकाशित गर्न नपर्ने व्यवस्थाविरुद्ध अधिवक्ताद्वय अनन्तराज लुइँटेल र रामप्रसाद पुडासैनीले सर्वोच्च अदालतमा रिटसमेत दिएका थिए। पत्रिकामा विज्ञापन रोक्ने गरी गरिएको कानुनी संशोधनले असंवैधानिक रूपमा पूर्वप्रतिबन्ध लगाएको उनीहरूको दाबी छ। सो मुद्दामा सर्वोच्चको संवैधानिक इजलासले सरकारका नाममा कारण देखाउ आदेश दिएको थियो। प्रधानन्यायाधीश मनोजकुमार शर्मा, न्यायाधीशहरू विनोद शर्मा, शारंगा सुवेदी, अब्दुल अजिज मुसलमान र महेश शर्मा पौडेलको इजलासले सार्वजनिक खरिद ऐनमा संशोधन गर्नुपर्नाको कारण मागेको थियो। मुद्दाको विषयवस्तु अन्तिम सुनुवाइमै निर्क्योल गर्नुपर्ने प्रकृतिको रहेको उल्लेख गर्दै अन्तरिम आदेश भने दिन इन्कार गरेको थियो।

वर्तमान सरकार गठनलगत्तै सरकारी सूचनाहरू गोरखापत्रबाहेक निजी पत्रिकामा नदिन उर्दी जारी गर्दै प्रदेश र स्थानीय तहसमेतलाई पत्राचार गरेको थियो। यद्यपि, सो निर्णय सर्वोच्च अदालतको आदेशले बदर भइसकेको छ। सरकारले एकातिर सार्वजनिक खरिदका सूचना पत्रिकाबाट हटाएर अनलाइनमा केन्द्रित गर्नु र अर्कोतिर सोही प्रणालीको सुरक्षा र स्थायित्व सुनिश्चित गर्न नसक्नुले मिडियाप्रति वर्तमान सरकारले वक्रदृष्टि राखेको पुष्टि हुने मिडिया सञ्चालकहरूको आरोप छ। अर्कोतर्फ सरकारले पूर्वाधार र विकल्प तयार नगरी निर्णय गर्न हतार गरेको रूपमा पनि विश्लेषण भइरहेको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# मौरीपालन तालिमबाट कृषकको आयआर्जन बढाउने लक्ष्य



❑ कांक्रेविहार संवाददाता
सुर्खेत, १४ भदौ

कृषकलाई मौरीपालनसम्बन्धी सीप प्रदान गर्दै अतिरिक्त आम्दानीको स्रोत विकास गर्ने उद्देश्यले पाँच दिने आधारभूत मौरीपालन तालिम सम्पन्न भएको छ ।

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली–बर्ड) ले नेपाल परागसेचन परियोजनामार्फत तालिम सञ्चालन गरेको हो । डार्विन इनिसिएटिभको आर्थिक सहयोग तथा ब्रिस्टोल विश्वविद्यालयको प्राविधिक सहयोगमा भदौ चार देखि आठ गतेसम्म वीरेन्द्रनगरमा तालिम सञ्चालन गरिएको थियो । वीरेन्द्रनगर नगरपालिका, भेरीगंगा नगरपालिका र बराहताल गाउँपालिकाका २५ जना कृषक सहभागी तालिममा मौरीपालन सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गरिएको परियोजना अधिकृत त्रिभुवन भट्टले जानकारी दिए ।

कृषकलाई व्यावसायिक मौरीपालनतर्फ आकर्षित गरी अतिरिक्त आयआर्जनमा सहयोग पुऱ्याउनुका साथै परागसेचक जीवको संरक्षण गर्ने उद्देश्यले तालिम आयोजना गरिएको उनले बताए ।

मौरी, भँवरा, पुतलीलगायत परागसेचकको संरक्षणमार्फत कर्णाली प्रदेशमा उत्पादन हुने विभिन्न रैथाने बालीको परागसेचनमा वृद्धि गर्ने लक्ष्यसमेत राखिएको छ ।

तालिममा महको महत्व, मौरीको संरचना, रानी, कर्मी र भाले मौरीको भूमिका, घार तथा गोला व्यवस्थापन, परम्परागत र आधुनिक घारबीचको फरक, मौरी सार्ने विधि, गोला विभाजन तथा समायोजन र मौरीमा लाग्ने रोग तथा शत्रु पहिचान र नियन्त्रणबारे प्रशिक्षण दिइएको थियो ।

सहभागीलाई व्यावहारिक ज्ञान दिन वीरेन्द्रनगर १२ पदमपुरस्थित सावित्री ढकालको मौरी फार्ममा स्थलगत अवलोकनसमेत गराइएको थियो ।

सहभागीलाई मौरीपालनमा आवश्यक सामग्री तथा सुरक्षा टोपी पनि वितरण गरिएको थियो । कृषि विकास निर्देशनालय, सुर्खेतका प्रमुख तथा प्रशिक्षक चित्रबहादुर रोकायले कृषकको ज्ञान, सीप र आत्मविश्वास अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बताए । उनका अनुसार पछिल्लो समय कर्णालीमा मौरीपालन गर्ने कृषकको संख्या बढ्दै गएको छ ।

मौरीपालन महासंघ कर्णाली प्रदेशका अध्यक्ष लिलाराम ढकालले मौरीपालनले कृषकको आम्दानी बढाउनुका साथै बाली उत्पादन र परागसेचनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने बताए । उनले स्थानीय मौरीको संरक्षण र व्यवस्थित व्यवस्थापनमा ध्यान दिँदै व्यावसायिक मौरीपालनतर्फ लाग्न कृषकलाई आग्रह गरे ।

# चौकुनेमा भूमिहीन र सुकुम्बासी समस्या समाधानबारे छलफल



❑ कांक्रेविहार संवाददाता
सुर्खेत, १४ भदौ

चौकुने गाउँपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका विषयमा वडा तहमा छलफल तथा अन्तरक्रिया गरिएको छ ।

गाउँपालिकाको आयोजनामा वडा नम्बर छ, सात र आठ केन्द्रित कार्यक्रम गाउँपालिकाको सभाहलमा सम्पन्न भएको हो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष खडक बिवस वासपानेको प्रमुख आतिथ्यता तथा जिल्ला समन्वय समिति सदस्य तुलबहादुर नेपालीको विशेष आतिथ्यता रहेको थियो । तीनवटै वडाका अध्यक्षले संयुक्त रूपमा कार्यक्रमको अध्यक्षता गरेका थिए ।

कार्यक्रममा वडा नम्बर छ, सात र आठका जनप्रतिनिधि, स्थानीय बासिन्दा, राजनीतिक दलका प्रतिनिधि तथा सम्बन्धित सरोकारवालाको सहभागिता रहेको थियो ।

सहभागीहरूले गाउँपालिकामा रहेका जगासम्बन्धी समस्या, भूमिहीन तथा सुकुम्बासीको अवस्था र अव्यवस्थित बसोबासका कारण नागरिकले भोग्दै आएका समस्याबारे धारणा राखेका थिए । कार्यक्रममा अमिन भूपेन्द्र वलीले गाउँपालिकाभित्र देखिएका जगासम्बन्धी समस्या र त्यसको अवस्थाबारे प्रस्तुतीकरण गरे । उनले समस्या समाधानका लागि आवश्यक प्रक्रिया र स्थानीय तहबाट गर्नुपर्ने पहलका विषयमा जानकारी गराए ।

नेपाली काङ्ग्रेसका युवा नेता गजराज जोशीले भूमिहीन तथा सुकुम्बासीको समस्या लामो समयदेखि कायम रहेकाले वास्तविक पीडितको पहिचान गरी उनीहरूलाई जगाको स्वामित्व दिलाउन सम्बन्धित निकाय गम्भीर हुनुपर्ने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी चौकुनेका सभापति विष्णुप्रसाद उपाध्यायले भूमिहीन तथा अव्यवस्थित बसोबासको विषय राजनीतिक स्वार्थभन्दा नागरिकको आधारभूत अधिकारसँग जोडिएको बताए । उनले वास्तविक भूमिहीनको पहिचान र प्रक्रिया पारदर्शी बनाउनुपर्नेमा जोड दिए ।

सहभागीहरूले समस्या समाधानका लागि स्थानीय तह, जनप्रतिनिधि, राजनीतिक दल र सरोकारवाला निकायबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक रहेको बताएका छन् । उनीहरूले वास्तविक भूमिहीन तथा सुकुम्बासीलाई पहिचान गरी दीर्घकालीन रूपमा जगाको स्वामित्व उपलब्ध गराउने प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

## सम्पर्कविहीन...

समवेदना प्रकट गरेको छ ।

गाउँपालिकाले बाढीमा परी सम्पर्कविहीन तथा बेपत्ता नागरिकको शीघ्र खोजी तथा उद्धार, घाइतेको सहज उपचार र विस्थापितको सुरक्षित पुनःस्थापनाका लागि प्रभावकारी पहल गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ । गाउँपालिकाका कार्यवाहक अध्यक्ष लालबहादुर रावतले विपद्को कठिन समयमा प्रभावित परिवारलाई सहयोग र राहत उपलब्ध गराउनु स्थानीय सरकारको दायित्व भएको बताए । उद्धार, राहत तथा पुनःस्थापनाको काम प्रभावकारी बनाउन सबै पक्षसँग समन्वय र सहकार्य गर्ने उनले जानकारी दिए ।

यस्तै, त्रिवेणी गाउँपालिकाले बाढी प्रभावित नागरिकको उद्धार तथा राहतका लागि एक लाख ५० हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ । गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले रसुवा, नुवाकोट, गोरखा, धादिङ र चितवनमा बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै नगद रकम सहयोग गर्ने निर्णय गरेको हो ।

बाढी प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा उपचार, सम्पर्कविहीन व्यक्तिको खोजी तथा प्रभावित नागरिकको राहत व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम उपलब्ध गराउने निर्णय गरिएको छ । बाढीपछि सम्पर्कविहीन भएका त्रिवेणी गाउँपालिकाका ११ जना नागरिकको खोजीका लागि पनि प्रभावित क्षेत्रमा टोली परिचालन गर्ने निर्णय समेत गरिएको गाउँपालिकाले जनाएको छ ।

रोजगारीका सिलसिलामा रसुवा तथा नुवाकोटका त्रिशूली नदी आसपासका क्षेत्रमा गएका र बाढीपछि सम्पर्कमा नआएका नागरिकको खोज तथा उद्धारका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने तयारी छ । खोज तथा उद्धारका लागि गाउँपालिका अध्यक्ष खिमबहादुर रावतको नेतृत्वमा स्वास्थ्यकर्मी, कर्मचारी तथा प्रभावित परिवारका आफन्तसहितको टोली प्रभावित क्षेत्रमा जाने तयारी गरिएको गाउँपालिकाले जनाएको छ ।

यसरी दुवै स्थानीय तहले बाढीपीडितका लागि आर्थिक सहयोगसँगै बेपत्ता नागरिकको खोज तथा उद्धारमा समेत सक्रियता देखाएका छन् । उक्त बाढीपछि सल्यान जिल्लाका मात्रै ५० जना बढी नागरिक सम्पर्कविहीन छन् ।

## पहिरोले...

उच्च जोखिममा रहेको स्थानीयको कर्ण बहादुर वलीको भनाइ छ । सडक खुलाउने काम तत्कालीन समाधान भए पनि पहिरोको जोखिम घटाउने दीर्घकालीन उपाय नअपनाइए यात्रु र स्थानीयले हरेक वर्ष यस्तै समस्या भोग्नुपर्ने अवस्था रहेको उनले बताए ।

पहिरो ठूलो भएकाले तत्कालै सडक सञ्चालनमा ल्याउन कठिनाइ भइरहेको छ । भने वर्षा जारी रहेकाले पहिरो पन्छाउने क्रममा थप माटो तथा ढुंगा खस्ने जोखिमसमेत रहेको छ । प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले अवरुद्ध सडक खुलाउन आवश्यक पहल भइरहेको बताए । उनका अनुसार सडक सञ्चालनमा ल्याउन सम्बन्धित निकायसँग समन्वय भइरहेको छ ।

राजमार्ग अवरुद्ध हुँदा खाद्यान्न, दैनिक उपभोग्य वस्तु तथा अन्य आवश्यक सामग्रीको ढुवानीमा असर पर्न सक्ने स्थानीयको चिन्ता छ । सडक लामो समय बन्द रहे बजारमा सामानको अभाव र मूल्यवृद्धिको समस्या देखिन सक्ने उनीहरूको भनाइ छ । त्यसैगरी स्वास्थ्य, शिक्षा तथा सरकारी सेवाका लागि सदरमुकाममा निर्भर स्थानीयलाई पनि समस्या थपिनेछ । विशेषगरी आकस्मिक बिरामीलाई अस्पताल पुऱ्याउने अवस्था जटिल बन्न सक्ने भएकाले सडक तत्काल सञ्चालनमा ल्याउनुपर्ने स्थानीयको माग छ ।

रिसडमा पछिल्लो पहिरोले एउटा अस्थायी सडक अवरोध मात्र सिर्जना गरेको छैन; यसले वर्षायाममा स्थानीयले भोग्दै आएको सडक, खानेपानी र सुरक्षित आवतजावतको बहुआयामिक समस्या फेरि सतहमा ल्याएको छ ।







कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोन: ०८३-५२०१११/९८५१३४५७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)